# गोदावरी नगरपालिका
# Godawari Municipality
## नगर कार्यपालिकाको कार्यालय
## Office Of the Municipal Executive
बज्रबाराही, ललितपुर / Bajrabarahi, Lalitpur
बागमती प्रदेश, नेपाल / Bagmati Province, Nepal
२०७३ / 2073


प. सं / Let. No.
च. नं / Ref. No.

मिति २०८२।०१।०८
ने.स.११४५ चौलगा अष्टमी

बिषय : नि:शुल्क सीपमुलक तालिम सम्बन्धी सूचना ।

यस नगरपालिकामा नेपाल सरकार, श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, वैदेशिक रोजगार बोर्डको सचिवालयको आर्थिक सहयोगमा नेशनल मानस ट्रेनिङ ईन्स्टिच्युट प्रा . लि नेपालगन्जद्धरा सञ्चालन हुन लागेको सहायक टायल मार्बल फिक्सर (Assistant Tile Marble Fixer )१८० घण्टाको निशुल्क तालिम सञ्चालन हुन गईरहेकोले गोदावरी नगरपालिकामा स्थायी बसोबास भई बैदेशिक रोजगारीमा जान इच्छुक युवाहरुलाई देहायको सीपमुलक तालिममा सहभागी हुन तपशिल बमोजिमको कागजातहरु सहित उल्लेखित समय भित्र आवेदन दिनु हुन जानकारी गरिन्छ ।

तपशिल :

| क्र . स | तालिमको बिषय | तालिम अवधि | संङ्या | फारम भर्ने अन्तिम मिति | तालिम शुरु मिति |
|---|---|---|---|---|---|
| १ | सहायक टायल मार्बल फिक्सर (Assistant Tile Marble Fixer ) | १८० घण्टा | २० जना | २०८२।०१।१२ | २०८२।०१।१५ |
| २ | सहायक टायल मार्बल फिक्सर (Assistant Tile Marble Fixer ) | १८० घण्टा | २० जना | २०८२।०२।०५ | २०८२।०२।०७ |

२०८२।०१।०८
रोजगार संयोजक

बोधार्थ :
सूचना प्रविधि शाखा : न.पा को Website र Facebook Page मा Upload गरिदिनु हुन ।

आवश्यक कागजात :

१. नेपाली नागरिकताको प्रतिलिपि १ थान
२. हालसालै खिचिएको पासपोर्ट साईजको २ प्रति फोटो
३. उमेर : १८ बर्ष पुरा भई ४० बर्ष ननाघेको स्वस्थ नेपाली नागरिक

Pan No. : 304796454
Regd. No. : 81004/067/068

# नेसनल मानस विकास ट्रेनिङ्ग इन्स्टिच्युट प्रा. लि.
# National Manas Bikas Training Institute (P.) Ltd.

(Ideas for Innovation)

Nepalgunj, Banke

Ph. : 081-526637, Mobile: 9801109307

National MANAS Bikas Training Institute Pvt. Ltd.

Ideas for Innovation

मिति : २०८१/१२/३१

श्रीमान् प्रशासकीय अधिकृत ज्यू
गोदावरी नगरपालिका
ललितपुर

**बिषय : तालिम संचालन को लागि सूचना प्रकाशन सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा नेपाल सरकार, श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय बैदेशिक रोजगार बोर्डको सचिवालयको सहयोगमा संचालन हुने विभिन्न तालिमहरु को मिति २०८१/१२/१५ मा सम्झौता भए अनुसार यस आ. व. ०८१/०८२ मा यस सँस्थाले निःशुल्क तपसिल बमोजिमको खाजाको व्यवस्था सहित तालिम संचालन गर्न गईरहेको जानकारीका लागी अनुरोधका साथै उक्त तालिमका लागी १८ देखी ३५ वर्ष उमेर समुहका नेपाली नागरिक बैदेशिक रोजगारमा जान चाहने आर्थिक रुपले विपन्न, सामाजिक रुपले बिभेदमा परेका समुदायका बेरोजगार युवाहरुलाई निःशुल्क तालिमका लागी आवेदन गराई सहयोग गरि दिन हुन सादर अनुरोध छ ।

धन्यवाद ।

**तपसिल :**

| क्र.स. | तालिम को बिषय | तालिम अवधि | संख्या | फारम भर्ने अन्तिम मिति | तालिम शरु हुने मिति |
|---|---|---|---|---|---|
| १ | असिस्टेन्ट टायल मार्बल फिक्सर | १८० घण्टा | २० जना | २०८२/०१/१२ | २०८२/०१/१५ |
| २ | असिस्टेन्ट टायल मार्बल फिक्सर | १८० घण्टा | २० जना | २०८२/०२/०५ | २०८२/०२/७ |

**आवश्यक कागजातहरु:**

१. हाल सालै खिचिएको पासपोर्ट साइज को २ प्रति फोटो
२. नेपाली नागरिकता को प्रतिलिपि १ थान

**फारम पाइने र बुझाउने स्थान:**
गोदावरी नगरपालिका
रोजागार सेवा केन्द्र, बज्रबाराही, ललितपुर

भवदीय,

....................
डम्मर भण्डारी
प्रवन्ध निर्देशक

Contact Office : Kalanki, Kathmandu
Contact Office : Tulsipur, Dang
E-mail : nationalmanas77@gmail.com
Phone : 01-6915228
Mobile : 9801109308
Website : www.manas.com.np
Mobile : 9801109300

नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
वैदेशिक रोजगार बोर्डको सचिवालय
बबरमहल, काठमाडौं

☏ ०१-५३२०३११
☏ ०१-५३२०४३३/५६
फ्याक्स नं. ०१-५३२०५४३
E-mail: info@feb.gov.np

प.सं.: ०८१।०८२
च.नं.: 1125

मितिः २०८१-१२-३१

श्री सम्वन्धित सवै पालिकाहरु।

विषयः तालिम अनुगमन तथा सहजीकरण गरी दिने बारे।

प्रस्तुत विषयमा यस सचिवालयले आ.व. २०८१/८२ मा वैदेशिक रोजगारीमा जान चाहने युवाहरु, वैदेशिक रोजगारीमा रहेका श्रमिकका परिवार तथा वैदेशिक रोजगारीवाट फर्किएका श्रमिकहरुलाई लक्षित गरी विभिन्न सीपमूलक तालिमहरु सञ्चालन गर्न तहाँ पालिकाको सिफारिसका आधारमा समेत तालिम प्रदायक संस्थाहरुसँग सम्झौता गरिएको हुँदा पालिकामा सञ्चालन हुने तालिमका सम्वन्धमा निम्न अनुसारको सहयोग तथा सहजिकरण गरि दिनु हुन अनुरोध छ ।

तपसिल

१. तालिम प्रदायक संस्थाहरुलाई तालिम सञ्चालनका लागि सहजीकरण गरिदिने।
२. तालिममा सहभागी हुन चाहने प्रशिक्षार्थीहरुको छनौट समितिको संयोजक तोकि खटाई दिने।
३. तालिमको गुणस्तर सुनिश्चितता तथा अनुगमनका लागि तहाँ पालिकाको रोजगार संयोजकलाई अनुगमनमा खटाई दिने। रोजगार संयोजक नभएको हकमा तालिम हेर्ने शाखाको वा अन्य कर्मचारीलाई खटाई दिने।*
४. तालिम गुणस्तरिय रुपमा नियमित सञ्चालन भए/नभएको यकिन गरी जानकारी गराउने।
५. तहाँ पालिकाभित्र आगामी आ.व. तालिम संचालन गर्नु पर्ने आवश्यक भएका तालिम विषय र संख्या समेत उल्लेख गरी पठाई दिने।

नोटः *(अनुगमन/निरीक्षण अवधिको नियमानुसार पाउने दै.भ्र.भ.को रकम यस सचिवालयवाट उपलव्ध गराइनेछ। रकम भुक्तानीका लागि माग गर्दा अनिवार्य रुपमा विस्तृत विवरण खुलेको भ्रमण तथा अनुगमन प्रतिवेदन सहित सम्वन्धित कर्मचारीको वैङ्क खाता विवरण पेश गर्नुपर्नेछ।)

(डा. द्वारिका उप्रेती)
कार्यकारी निर्देशक

बोधार्थ तथा कार्यार्थः
श्री सम्वन्धित तालिम प्रदायक संस्थाहरु।

तालिम सम्वन्धी थप जानकारीका लागि सचिवालयको सम्पर्क नं. ९७६४६४०३०२ मा फोन वा WhatsApp गर्न सकिने छ ।